## क्षयरोग बारे

खोक्दा वा हाच्छिउँ गर्दा हावामा फैलिएको “खकार” आदिमा हुने क्षयरोगको कीटाणु, सास फेर्दा कसैको शरीर भित्र पसेमा, त्यो व्यक्ति क्षयरोगबाट संक्रमित हुन्छ। यो मुख्यतया फोक्सोमा संक्रमण हुने सरुवा रोग हो।

शरीर भित्र क्षयरोगको कीटाणु पसेको व्यक्ति सबै संक्रमित हुन्छन् भन्ने हुँदैन र संक्रमित व्यक्ति सबैलाई क्षयरोग लाग्छ भन्ने पनि होइन। शारीरिक रूपमा कमजोर वा शरीरको प्रतिरोधक शक्ति कम भयो भने क्षयरोग लाग्ने सम्भावना हुन्छ।

- **“खकार” मा क्षयरोगको कीटाणुहरु भएको (स्मीयर पोजेटिभ) खण्डमा**

अरूलाई सर्ने खतरा बढी भएकोले, सामान्यतया: अस्पतालमा भर्ना गरी उपचार गरिन्छ।
साथै ग्राहकलाई सेवा प्रदान गर्ने जस्ता धेरै मान्छेको सम्पर्कमा आउने कामहरू गर्न प्रतिबन्ध लगाइन्छ।

- **“खकार” मा क्षयरोगको कीटाणु नभएको खण्डमा**

अरूलाई सर्ने खतरा कम हुन्छ। लक्षणमा भर पर्छ तर मुख्यतया: अस्पतालमा आउने-जाने गरी उपचार गरिन्छ।

मानक उपचार अवधि ६ महिनादेखि ९ महिनासम्म, बहुसङ्ख्यक क्षयरोगको औषधिहरू सेवन गर्नु पर्दछ। कहिलेकाहीं साइड इफेक्ट आदिको कारण बिचमा औषधिको प्रकार परिवर्तन पनि गरिन्छ।

उपचार सुरु गरेपछि लक्षणहरू देखिन छोड्छन् तर तोकिएको अवधि पूरा नभइकन बिचैमा औषधि सेवन गर्न छोड्यो भने, कीटाणुको विकास हुने क्रम रोक्न नसकिने हुनाले, निको हुँदैन। साथै कीटाणुहरूमा औषधि प्रतिरोधक शक्ति (जिद्दी स्वभाव) को वृद्धि भई, औषधिले नछुने हुन पनि सक्छ।


<u>अनिवार्य रूपमा नछुटाइकन, अन्तसम्म औषधि सेवन गरौं।</u>

## DOTS (डट्स : प्रत्यक्ष निगरानी औषधि सेवन विधि) बारे

हरेक दिन औषधि सेवन गर्नु भनेको गाह्रो कुरा हो। नछुटाइकन औषधि सेवन गर्न सकून् भनी पब्लिक हेल्थ नर्सले नियमित रूपमा सम्पर्क गरी उपचारमा सहयोग गर्नुहुनेछ।

दैनिक जीवनको आवश्यकता अनुसार वडा कार्यालयको डेस्क वा औषधि पसल आदिमा औषधि सेवन स्थिति वा साइड इफेक्ट भएको छ वा छैन सोध्ने, आराम गरी निको पार्ने बारे परामर्श दिइन्छ।

आवश्यकता अनुसार मुख्य चिकित्सकलाई पनि सम्पर्क गरिन्छ।



डर वा चिन्ता लागेको कुरा, नबुझेको कुरा आदि भएमा
संकोच नमानीकन सल्लाह गर्नुहोस्।

Memo:

# क्षयरोगको उपचार गर्ने व्यक्तिको लागि

स्वास्थ्य तथा कल्याण केन्द्र (स्वास्थ्य केन्द्र) मा, उपचार गर्दै रोग निको पार्ने बिरामीको सहयोग र संक्रमण फैलिनबाट रोक्ने कामहरू गरिन्छ।

◆ उपचार समाप्त नभएसम्म निरन्तर सहयोग
- औषधि निश्चय आदिको लागि नियमित सम्पर्क
- उपचार वा रोग, दैनिक जीवनका कुराहरू आदिको परामर्श
- सरकारी उपचार खर्च सहयोग प्रणाली



◆ उपचार समाप्त भएपछि, पुन: रोग लागेको खण्डमा, प्रारम्भिक चरणमै पत्ता लगाउनको लागि नियमित सम्पर्क

◆ वरपरका मान्छेलाई संक्रमण भएको वा रोग लागेको प्रारम्भिक चरणमै पत्ता लगाउनको लागि स्वास्थ्य परीक्षण र परामर्श सेवा

◆ क्षयरोग सम्बन्धी जानकारी प्रदान

योकोहामा शहर ________ वडा स्वास्थ्य तथा कल्याण शाखा, स्वास्थ्य प्रवर्धन कर्मचारी

जिम्मेवार पब्लिक हेल्थ नर्स ________ कार्यालय ________

Tel: ________ Fax: ________

## सरकारी उपचार खर्च सहयोग आवेदन बारे

ढुक्क भएर क्षयरोगको उपचार गर्न सकून् भन्ने उद्देश्यले “सरुवा रोगको रोकथाम तथा सरुवा रोगको रोगीको लागि चिकित्सा सम्बन्धी कानुन (सरुवा रोग कानुन)” बमोजिम, क्षयरोग उपचारको सम्पूर्ण वा केही खर्च सरकारी पैसाद्वारा बेहोरिने प्रणाली छ।

बसोबास गरिरहेको वडाको स्वास्थ्य तथा कल्याण केन्द्रको स्वास्थ्य तथा कल्याण शाखा, स्वास्थ्य प्रवर्धन कर्मचारीको डेस्कमा निवेदन बुझाउनु पर्दछ।

## संक्रमण फैलिनबाट रोक्नको लागि भर्ना गर्नुपर्ने खण्डमा (भर्ना सुझाव)

**◆निम्न अवस्थामा भर्ना सुझाव दिइन्छ**

“खकार” मा क्षयरोगको कीटाणु देखिने (स्मीयर पोजेटिभ) आदि, अरूलाई सर्ने ठूलो खतरा भई, अस्पतालमा भर्ना गर्नुपर्ने खण्डमा

**◆सरकारी सहयोग रकमको दायरा**

स्वास्थ्य बिमा प्रयोग गर्न सकिने सम्पूर्ण उपचार खर्च, सरकारी सहयोग रकम द्वारा बेहोरिने छ। स्वास्थ्य बिमा प्रयोग गर्न नपाउने उपचार भने सरकारी सहयोग रकमको दायरामा पर्दैन। उपचार, जाँच र आराम गरी निको पार्ने बाहेकका अन्य खर्चहरू बिरामी स्वयम्ले बेहोर्नु पर्नेछ।

(तर, परिवारको नगरपालिका वा गाउँपालिकाद्वारा सङ्कलन गरिने निवासी करको आय अनुसार भुक्तानको कुल रकम ५६४,००० येन नाघेको खण्डमा, मासिक २०,००० येन [३० दिन भन्दा कम भर्ना भएको खण्डमा २०,००० येनलाई दिनको दरले हिसाब गरेको रकम] बिरामी स्वयम्ले बेहोर्नु पर्नेछ।)

**◆अवधि**

उपचारद्वारा अरूलाई संक्रमण हुन सक्ने शक्ति नष्ट भएको पुष्टि नभएसम्म।
(भर्ना सुझावको आधारमा गरिएको अस्पताल भर्ना समाप्त नभएसम्म)

**◆आवेदन दिने तरिका**



“सरकारी सहयोग आवेदन पत्र” सँगै आवश्यक कागजातहरू पनि बुझाउनुहोस्।
[आवेदनको लागि आवश्यक कागजातहरू]
① स्वास्थ्य बिमा कार्डको फोटोकपी
② निवासी प्रमाणपत्र, (परिवारमा भएका सबैजनाको नाम र सम्बन्ध लेखिएको हुनु पर्छ)
③ नगरपालिका वा गाउँपालिकाद्वारा सङ्कलन गरिने निवासी करको आय अनुसार भुक्तानको रकम प्रमाणित हुने कागजात (परिवारमा भएका सबैजनाको)

“कर लाग्ने (कर छुट) प्रमाणपत्र” अथवा “नगरपालिका वा गाउँपालिकाद्वारा सङ्कलन गरिने निवासी कर निर्णय पत्रको कपी”

अस्पतालमा भर्ना गरिएको महिना पर्ने आर्थिक वर्ष (सम्बन्धित अस्पतालमा भर्ना गरेको महिना अप्रिल~जून भएको खण्डमा, अघिल्लो आर्थिक वर्ष) को नगरपालिका वा गाउँपालिकाद्वारा सङ्कलन गरिने निवासी करको आय अनुसार भुक्तानको रकमको निर्धारित रकम

| | |
|---|---|
| सरकारबाट पैसा लिइरहेको व्यक्ति | जीवन सुरक्षा जिम्मेवार कर्मचारी आदिले जारी गरेको “पैसा बुझेको प्रमाणपत्र” (ओरिजिनल) |
| चीनमा बसेको जापानी नागरिक जसले सहयोग भत्ता प्राप्त गरिरहेको छ | “आफ्नो परिचयपत्र” को फोटोकपी |

※② र ③लाई छुट दिन पनि सकिन्छ।
※जुलाई १ तारिखको बेला पुनः बिरामी स्वयम्ले बेहोर्ने रकम निश्चय गरिनेछ।

**★ यस्तो बेला छिटै सम्पर्क गर्नुहोस्।** ※सरकारी उपचार खर्च सहयोगमा असर गर्न सक्छ।

- ○ क्षयरोगको उपचार विवरण परिवर्तन हुने बेला
  - क्षयरोगको औषधिको प्रकार परिवर्तन हुने बेला
  - क्षयरोगको उपचारको लागि शल्यक्रिया र सहायक (लगाउने) सामाग्री आवश्यक भएमा
  - अस्पताल आउने-जाने गर्दै गरिरहेको उपचारबाट, अस्पतालमा भर्ना भएर उपचार गर्नुपर्ने भएमा
- ○ ठेगाना, नाम वा क्षयरोगको उपचार गराउने अस्पताल परिवर्तन हुने बेला

## अस्पताल आउने-जाने उपचारको खण्डमा (सुझाव बाहेकको भर्ना उपचार

**◆निम्न अवस्थामा अस्पताल आउने-जाने गरेर उपचार गरिन्छ**

सरुवा रोग कानुन बमोजिम, भर्ना (भर्ना सुझाव) आवश्यक नभएको खण्डमा

**◆सरकारी सहयोग रकमको दायरा**

क्षयरोगको उपचारमा लाग्ने उपचार खर्चको केही अंश सरकारी सहयोग रकमद्वारा बेहोरिने छ। ५% बिरामी स्वयम्ले बेहोर्नु पर्नेछ।

(स्वास्थ्य बिमा कानुन, नर्सिङ बिमा कानुन आदिबाट प्रदान गरिने सुविधालाई प्राथमिकता दिइनेछ।)

《दायरामा पर्ने विवरणहरू》

- जाँच (कीटाणु जाँच “स्मीयर, कल्चर”, छातीको एक्सरे तथा CT जाँच) तथा निर्णय शुल्क
  ※पोलिमरेज चेन रियाक्सन विधि (PCR) जाँच, MRI चाहिं दायरामा पर्दैन
- औषधि (क्षयरोग विरुद्धको औषधि [१४ प्रकारहरू], तथा क्षयरोग उपचारको लागि प्रयोग गरिने कोर्टिकोस्टेरोइड)
  बिरामीलाई औषधि हस्तान्तरण प्रक्रियामा औषधि निर्धारण शुल्क, निर्धारित औषधि लेखेको कागज जारी शुल्क, औषधि मिश्रण (मेडिकल) शुल्क, औषधि मिश्रण कला आधारभूत शुल्क, सुई शुल्क समावेश
  ※औषधि जानकारी प्रदान शुल्क, माथि उल्लिखित बाहेकका औषधि (साइड इफेक्टको उपचार औषधि समावेश) दायरामा पर्दैन
- क्षयरोगको उपचारको लागि गरिने सर्जिकल थेरापी तथा त्यस सम्बन्धित उपचार र भर्ना
  ※ भर्ना गर्दाको खाद्य उपचार खर्च दायरामा पर्दैन
- हड्डी तथा जोर्नी क्षयरोगको अर्थोसिस थेरापी तथा त्यस अनुसार आवश्यक भर्ना
  ※ भर्ना गर्दाको खाना वा हेरविचार खर्च दायरामा पर्दैन

※ पहिलो परीक्षण शुल्क, पुनः परीक्षण शुल्क, निर्देशन शुल्क, स्वास्थ्य परीक्षण कागजात शुल्क र सहयोग शुल्क सरकारी सहयोगको दायरामा पर्दैन

※ समावेशी चिकित्सक उपचार खर्च भुक्तानी प्रणाली (DPC) दायरामा पर्दैन।

**◆अवधि**

आवेदन बुझिलिएको दिनदेखि अधिकतम ६ महिनासम्म।

स्वीकृति प्राप्त अवधि पछि पनि निरन्तर उपचार गर्ने हो भने, पुनः आवेदन (निरन्तरता आवेदन) आवश्यक हुन्छ।

※ वडाको स्वास्थ्य तथा कल्याण केन्द्रले बुझिलिएको दिन (चिठ्ठीको हुलाकको छापमा भएको मिति) बाट लागु हुने हुनाले, ध्यान दिनुहोस्।

**◆आवेदन दिने तरिका**

“सरकारी सहयोग आवेदन पत्र” सँगै “मुख्य चिकित्सकको रायपत्र” तथा “३ महिना भित्र गरेको एक्सरे फोटो आदि” आवश्यक कागजातहरू पनि सँगै बुझाउनुहोस्।

